# आशयपत्र माग गर्ने सूचना

**(कार्यविधिको दफा ७ को उपदफा १ सँग सम्बन्धित)**

# पोखरा महानगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

कास्की

प्रथम पटक प्रकाशित मिति : २०८० भदौ १९ गते ।

नेपाल सरकार र स्वीट्जरल्याण्ड सरकारबीच भएको सम्झौता अनुसार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमार्फत् यस कास्की जिल्लामा सुरक्षित वैदेशिक रोजगारसम्बन्धी सूचना तथा परामर्श केन्द्र सञ्चालन गर्ने तथा **पोखरा महानगरपालिकामा** समुदाय सचेतीकरणका कार्यक्रमहरू, मनोसामाजिक परामर्श र वित्तीय साक्षरतासम्बन्धी कार्यक्रमहरू सञ्चालनमा सहयोग पुऱ्याउनका लागि सञ्चालन हुन गइरहेको सुरक्षित आप्रवासन कार्यक्रम (Safer Migration Program) का लागि आवश्यक परामर्श सेवा उपलब्ध गराउन इच्छुक, नेपालको प्रचलित नियमानुसार दर्ता भएका देहायका योग्यता पुगेका संघ, संस्था एवं कम्पनीहरूबाट उक्त सेवा उपलब्ध गराउनेसम्बन्धी आशय पत्र आव्हान गरिएको छ। योग्यता पुगेका इच्छुक संस्थाहरूले मिति २०८०।०६।०४ दिनको १२:०० बजेभित्रमा निर्धारित ढाँचामा Egp System को address www.bolpatra.gov.np मार्फत आशय पत्र नं. 01/PMC/EOI/SAMI/080-081 मा पेश गर्न सकिनेछ। आशयपत्रको ढाँचा, सुचीकरणको आधार एवं अन्य थप आवश्यक कुराहरू यस पोखरा महानगरपालिकाको वेभसाईटः www.pokharamun.gov.np मा राखिएको छ।

१. **आशयपत्रदाताको योग्यता :**
   (क) प्रचलित कानुन अनुसार दर्ता, नविकरण भएको,
   (ख) मूल्य अभिबृद्धिकरमा दर्ता भएको
   (ग) कानुन बमोजिम प्रत्येक वर्षको करचुक्ता गरेको
   (घ) प्रस्तावित कार्यसँग मिल्ने कार्यको अनुभव भएकोलाई प्राथमिकता दिइनेछ।
२. प्रस्तावित कार्य सम्पन्न गर्न लाग्ने अनुमानित समय चालू आ.व. को असार मसान्तसम्म ।
३. संक्षिप्त सूचीमा परेका फर्म, संस्था वा कम्पनीबाट मात्र परामर्श सेवा खरिदसम्बन्धी प्रस्ताव माग गरिनेछ।
४. आशयपत्रदाताले आशय पत्र साथ आशय पत्रको नमूनामा उल्लेख भएबमोजिमका कागजातहरू पेश गर्नुपर्नेछ।
५. आशयपत्र egp system को address www.bolpatra.gov.np/egp मार्फत online submission गर्न सकिनेछ।
६. आशयपत्र तयार गर्ने निर्देशन आशयपत्रको ढाँचामा नै समावेश गरिएको छ। उक्त निर्देशन पालना नभएको आशयपत्र उपर कारवाही गरिने छैन।
७. सुरक्षित आप्रवासनसम्बन्धी सम्पूर्ण परामर्श सेवा एउटै परामर्शदाताबाट दिनु पर्नेछ।
८. यो सेवा प्रदान गर्नका लागि कुनै पनि व्यक्ति वा संस्थासँग उप-सम्झौता (sub-contract) गर्न पाइनेछैन। तर रेडियोमार्फत् प्रसारण हुने रेडियो जिङ्गल प्रसारणसम्बन्धी उप-सम्झौता गर्न यो बुदाँले बाधा पुऱ्याउने छैन।
९. आवश्यक थप जानकारीका लागि कार्यालयमा सम्पर्क राख्नुहोला।

**प्रमुख प्रशासकीय अधिकृत**